प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५

प्रदेश नं. ५,विकास प्राधिकरणको स्थापना र व्यवस्था गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्र

१) **नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :**

क) **पृष्ठभूमी**

नेपालको संविधानको अनुसूची ६ मा प्रदेश सरकारी कार्यालयको भौतिक व्यवस्थापन र अन्य आवश्यकीय विषय भनी उल्लेख भएको र सोही बमोजिम प्रदेशनं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची २ को सि.नं. ४ बुँदा नं. १८ मा प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा सहरी पूर्वाधार निर्माण, संचालन, मर्मत सम्भार र आवास तथा भवनसम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन भन्ने उल्लेख भएबमोजिम सो कार्यलाई व्यवस्थित गर्न अगुवा संस्थाको आवश्यक पर्ने भएकोले सो कार्यलाई व्यवस्थित गर्न बान्छनीय भएकाले यो अवधारणा पत्र तयार गरिएको छ ।

ख) **प्रदेश सरकारको नीति तथा कार्यक्रम :**

प्रदेश सरकारको आ.व २०७५/७६ को नीति कार्यक्रमको बुँदा नं ३९ मा समग्र प्रदेशको आर्थिक सामाजिक विकासको अगुवाई गर्नेगरी विकास प्राधिकरण स्थापना गरिनेछ भनी उल्लेख भएको छ ।

ग) अन्य कारण :

समग्र प्रदेशको आर्थिक सामाजिक विकासको अगुवाई गर्ने गरी विकास प्राधिकरणकोआवश्यकता महसुस भएकोले सोको कानूनी व्यवस्था गर्न अति आवश्यक भएको छ ।

२) **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :**

नयाँ ऐन तर्जुमा भए पश्चात देहायका उपलब्धि हासिल हुनेछन् ।

- नगरहरुको निर्माण, पुनःनिर्माण विस्तार र विकासमा टेवा पुग्नेछ ।
- योजनाबद्ध रुपमा भौतिक विकास भई नागरिकको आवश्यक सेवा सुविधाहरु पुर्‍याउन मद्दत पुग्नेछ ।
- नागरिकको स्वास्थ्य सुविधा एवम् आर्थिक हितमा ध्यान दिन मद्दत पुग्नेछ ।
- समग्र प्रदेशको आर्थिक सामाजिक विकासको अगुवाई गर्ने दाता संस्थाको विकास भई दिगो र एकिकृत विकासको माध्यमबाट समृद्धिको गन्तव्यमा पुग्नेछ ।

३) **प्रस्तावित विषयमा मौजुदा कानून भए :**

संघमा उपत्यका विकास प्राधिकरण ऐन रहेको छ ।

४) **मौजुदा कानून संसोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सो को कारण :×**

५) **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएका अनुमानीत बार्षिक व्ययभार :×**

विकास प्राधिकरण गठन भई कार्यसञ्चालनका लागि आयुक्त लगायत अन्य कर्मचारीहरुको पारिश्रमिक, सञ्चालक समितिका सदस्य, प्रदेश भौतिक विकास समितिका पदाधिकारीहरुको बैठकभत्ता, घर भाडा, गाडी इन्धन, मसलन्द लगायतका अन्य अति आवश्यक खर्चका लागि आवश्यक पर्ने अनुमानित रकम रु. ३० लाख हुनेछ ।

६) **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**
विकास प्राधिकरण संचालनका लागि छुट्टै संरचना स्थापना हुनुपर्ने।

७) **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमती लिनुपर्नेमा सो परामर्शवा सहमति प्राप्त भए नभएको :**

प्रस्तावित कानुन निर्माण गर्न कुनै निकायको परामर्श सहमति लिनुपर्ने आवश्यकता नभएको ।

८) **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय :**
संक्षिप्त नाम र प्रारम्भ, परिभाषा, प्राधिकरणको स्थापना, प्राधिकरणको संगठन संरचना, भौतिक विकास योजनाको तर्जुमा र स्वीकृति, प्राधिकरणको काम, कर्तव्य र अधिकार, रोक लगाउन सक्ने, नियमित नियन्त्रण वा निषेध गर्न सक्ने, रोक्ने वा भत्काउने, जग्गा विकास कार्यक्रम संचालन गर्न सक्ने, जग्गा प्राप्त गर्ने, आर्थिक श्रोत जुटाउने अधिकार, प्रदेश भौतिक विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार, संचालक समितिको गठन, संचालक समितिको बैठक र कार्यविधि, उपसमिति गठन गर्ने, कर्मचारीसम्वन्धी व्यवस्था, सदस्य र कर्मचारीउपर प्रतिवन्ध, प्राधिकरणको कोष, प्राधिकरणको लेखा र लेखा परिक्षण, सजाय, पुनरावेदन, पुनरावेदन समिति बचाउ, अधिकार प्रत्यायोजन, प्रदेश सरकारले निर्देशन दिनसक्ने, प्रदेश सरकारको अधिकार, प्रदेश सरकारसँगको सम्पर्क, नियम तथा विनियम बनाउन सक्ने, अनुसूचीहरुमा हेरफेर गर्न सक्ने, अनुसूचीहरु ।